काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २६ ❐ अंक : ५६ ❐ बिहीवार, १० मंसिर, २०८३ ❐ Thursday, 26 Nov 2026 ❐ नेपाल संवत ११४७ ❐ पृष्ठ : ४ ❐ मूल्य : रु. १०

चार हिमतालको सतह घटाउने तयारी

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, ९ मंसिर

सरकारले हिमताल विस्फोटको जोखिम न्यूनीकरण गर्न ५० मिलियन डलरको 'सञ्जीवनी' परियोजना सञ्चालन गर्ने भएको छ।

जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रका हिमनदी तिब्र गतिमा पग्लिँदै गएर हिमतालहरू अस्थिर बन्दै गएपछि नेपालले उच्च जोखिममा रहेका चार हिमतालको जोखिम न्यूनीकरण गर्न करिव ७ अर्ब रुपैयाँ बराबरको 'सञ्जीवनी' परियोजना कार्यान्वयनमा ल्याउन लागेको हो।

हिमताल विस्फोटबाट आउने बाढी (ग्लेसियल लेक आउटब्रस्ट फ्लड-ग्लोफ) तथा जलवायु परिवर्तनजन्य बाढीबाट जोखिममा रहेका समुदाय, उनीहरूको जीविकोपार्जन र सम्पत्तिको संरक्षण गर्ने उद्देश्यले परियोजना सञ्चालन गर्न लागिएको जल विज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक सञ्जीव बरालले जानकारी दिए।

परियोजनाले चार वटा हिमतालको सतह घटाउने लक्ष्य राखेको छ। सोलुखुम्बुका होङ्कु-२ र लुम्दिङ छोल, संखुवासभाको तल्लो बरुण तथा मनाङको ठुलागी हिमतालको सतह घटाउने परियोजनाको लक्ष्य रहेको बरालले बताए। उनकाअनुसार परियोजनाले हिमतालको पानीको सतह घटाउने, निगरानी तथा पूर्वसूचना प्रणाली विकास गर्ने र तल्लो तटीय क्षेत्रमा संरक्षणका कार्यक्रम सञ्चालन गर्नेछ।

प्रारम्भिक डिजाइनअनुसार होङ्कु-२ को पानीको सतह एक मिटर र बाँकी तीन हिमतालको तीन-तीन मिटर घटाउने उनले जानकारी दिए। पछिल्लो समय हिमालयको क्रायोस्फियर तिब्र गतिमा परिवर्तन भइरहेकोले हिमताल विस्फोट तथा हिउँपहिरोजस्ता विपद्को जोखिम बढाएको उनले बताए। उनका अनुसार अब हिमतालको जोखिम न्यूनीकरणमा सरकारले तत्कालै काम गर्न आवश्यक छ।

उनले भने, 'हिन्दुकुश हिमालयमा नै मात्रै कुरा गर्दापनि प्रत्येक वर्ष ग्लेसियर्सहरू घट्दै गइरहेको छ। अघिल्लो दशकभन्दा २०११ देखि २०२० को दशकमा ६५ प्रतिशत फास्टर रेटमा यो रिट्रिट भइरहेको विभिन्न अध्ययनहरूले देखाएको छ। नेपालको हामीले ठुलागी लेकलाई मात्रै हेर्ने हो भने पनि ३० मिटर्स पर इयरको दरले ग्लेसियर रिट्रिट भइरहेको छ। अन्य ग्लेसियर्स लेक्सहरूमा पनि लेकको साइज बढ्ने र ग्लेसियर्सहरू रिट्रिट हुने गरिरहेको छ।'

सन् १९८७ देखि २०१७ सम्मको ३० वर्षमा हिमनदीजन्य तालहरूको समग्र क्षेत्रफलमा करिब २३ प्रतिशतले कमी आएको तथ्यांक प्रस्तुत गर्दै उनले हिमनदीको पछाडि हट्ने क्रम र हिमतालको विस्तारले थप जोखिम बढाएको बताए। पछिल्ला छ दशकमा नेपाल र आसपासका क्षेत्रमा ३० भन्दा बढी हिमताल विस्फोटका घटना अभिलेख भएका छन्। नेपालभित्र करिब १५ वटा, तिब्बततर्फ ११ वटा र अन्य क्षेत्रमा समेत यस्ता घटना भएको उनले जानकारी दिए।

सन् २०१६ को भोटेकोसी हिमताल विस्फोटको उदाहरण दिँदै उनले करिब ०.०१७ वर्ग किलोमिटर क्षेत्रफलको हिमताल विस्फोट हुँदा करिव ११२ मिलियन अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको उल्लेख गरे।

दशौं राष्ट्रिय खेलकुद

बास्केटबलमा सुदूरपश्चिम, आर्मी र बागमती क्वाटरफाइनलमा

क्रिकेटमा कोशी र बागमती विजयी, फुटबलमा आर्मीको सानदार सुरुवात

❐ **सुशील खड्का**

सुर्खेत, ९ मंसिर

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा जारी दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत बुधबार विभिन्न विधाका प्रतिस्पर्धात्मक तथा रोमाञ्चक खेलहरू सम्पन्न भएका छन्। प्रतियोगिताको महत्वपूर्ण दिनमा महिला बास्केटबल, महिला क्रिकेट र पुरुष फुटबलतर्फ विभागिय टोली तथा प्रदेशहरूले आ-आफ्नो वर्चस्व कायम गरेका हुन्।

बुधबारका खेलहरूमा महिला बास्केटबलको फुल कोर्ट र थ्री अन थ्री दुवै विधाबाट क्वाटरफाइनल पुग्ने केही टोलीहरूको टुंगो लागेको छ भने महिला क्रिकेटमा बागमती र कोशी प्रदेशले जित दर्ता गरेका छन्। यता, पुरुष फुटबलमा त्रिभुवन आर्मी क्लबले सानदार विजयी सुरुवात गर्दा कोशी र बागमती प्रदेशले बराबरी खेल्दै अंक बाँडेका छन्।



महिला बास्केटबलमा सुदूरपश्चिम, आर्मी र बागमती क्वाटरफाइनल

महिला बास्केटबलको फुल कोर्टतर्फ सुदूरपश्चिम प्रदेश समूह 'बी' को विजेता बन्दै क्वाटरफाइनलमा प्रवेश गरेको छ। सुर्खेतस्थित कर्णाली प्रदेश रंगशाला हातामा बुधबार भएको एकतर्फी खेलमा सुदूरपश्चिमले मधेश प्रदेशलाई ४७-३ को फराकिलो अन्तरले पराजित गऱ्यो। सुदूरपश्चिमको सहज जितमा सन्जु घिसिङले सर्वाधिक १४ अंकको योगदान गरिन्। खेलको सुरुवातदेखि नै आक्रामक देखिएको सुदूरपश्चिमले चारै क्वाटरमा क्रमशः २०, ११, ४ र १२ अंक जोडेको थियो। मधेश प्रदेशले दोस्रो क्वाटरमा ३ अंक जोड्नुबाहेक बाँकी तीनवटै क्वाटरमा कुनै पनि अंक जोड्न सकेन।

फुल कोर्टकै समूह 'ए' अन्तर्गतको अर्को खेलमा नेपाल पुलिस क्लबले आयोजक कर्णाली प्रदेशलाई ५२-१९ को फराकिलो अन्तरले पराजित गऱ्यो। पुलिसको जितमा दिभा महर्जनले उत्कृष्ट प्रदर्शन गर्दै २० अंक बटुलिन्। खेलको पहिलो क्वाटरमा घरेलु टोली कर्णालीले ८-० को अग्रता लिँदै पुलिसलाई दबाबमा राखेको थियो। तर, दोस्रो क्वाटरदेखि खेलमा फर्किएको पुलिसले बाँकी सबै क्वाटरको नतिजा आफ्नो पक्षमा पार्दै जित सुनिश्चित गऱ्यो। पुलिसले दोस्रो क्वाटरमा २०-३, तेस्रोमा १०-५ र चौथो क्वाटरमा १८-३ को स्कोर गऱ्यो। यस समूहबाट क्वाटरफाइनल पुग्ने टोलीको अन्तिम टुंगो भने बिहीबार हुने एपीएफ र कर्णालीबीचको खेलले लगाउनेछ। फुल कोर्टतर्फ बिहीबार एपीएफ र कर्णाली, मधेश र बागमती, कोशी र गण्डकी तथा लुम्बिनी र आर्मीबीच प्रतिस्पर्धा हुनेछ।

यसैगरी, महिला बास्केटबलको थ्री अन थ्री विधामा नेपाल आर्मी र बागमती प्रदेशले क्वाटरफाइनलमा स्थान सुरक्षित गरेका छन्। समूह 'ए' को खेलमा नेपाल आर्मीले कोशी प्रदेशलाई १३-८ ले पाखा लगायो। आर्मीको जितमा दिब्यान्सी कार्कीले महत्वपूर्ण ६ स्कोर गरिन्। तीन टिम रहेको समूह 'ए' बाट विजेता बन्दै आर्मी अन्तिम आठमा पुगेको हो। यस्तै, समूह 'बी' बाट बागमती प्रदेश पनि समूह विजेताका हैसियतले क्वाटरफाइनलमा स्थान पक्का गर्न सफल रह्यो। बागमतीले मधेश प्रदेशलाई ८-३ ले पन्छायो, जसमा आरुषा महर्जनले ४ अंक बटुलिन्। थ्री अन थ्रीतर्फ बिहीबार कोशी र एपीएफ, मधेश र कर्णाली, गण्डकी र सुदूरपश्चिम तथा पुलिस र लुम्बिनीबीच खेल हुनेछ। बिहीबारका खेलहरूसँगै फुल कोर्ट र थ्री अन थ्री दुवै विधाको क्वाटरफाइनल समीकरण पूरा हुनेछ।

महिला क्रिकेटमा बागमती र कोशी प्रदेशको विजयी प्रदर्शन

बुधबार सम्पन्न महिला क्रिकेटका दुई खेलमा बागमती प्रदेश र कोशी प्रदेश विजयी भएका छन्। पहिलो खेलमा बागमती प्रदेशले

बाँकी पृष्ठ २

पशुपन्छी बीमामा किसानको आकर्षण, बाली बीमाको पहुँच भने कमजोर

❐ **काँक्रेविहार संवाददाता**

सुर्खेत, ९ मंसिर

कृषि तथा पशुपन्छी क्षेत्रमा हुने जोखिमबाट किसानलाई जोगाउने उद्देश्यले सरकारले बीमा प्रिमियममा अनुदान दिँदै आए पनि बाली बीमामा किसानको सहभागिता न्यून देखिएको छ। पशुपन्छी तथा मत्स्य बीमाको तुलनामा बाली बीमाको पहुँच निकै कमजोर रहेको सरकारी तथ्यांकले देखाएको छ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयद्वारा आयोजित कृषि, पशुपन्छी तथा जडीबुटी बीमासम्बन्धी अभिमुखीकरण कार्यक्रममा प्रस्तुत तथ्यांकअनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मको पाँच वर्षमा बालीतर्फ २८ हजार ९४६ र पशुपन्छी तथा मत्स्यतर्फ ६ लाख ७५ हजार ९१८ बीमालेख जारी भएका छन्।



मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाका सहसचिव डा. हरिबहादुर केसीले प्रस्तुत गरेको विवरणअनुसार पाँच वर्षमा पशुपन्छी तथा मत्स्यतर्फ जारी भएका बीमालेखको संख्या बाली बीमाको तुलनामा २३ गुणाभन्दा बढी छ। यसले कृषि बीमाको अनुदान व्यवस्था भए पनि बाली बीमाको विस्तार अपेक्षित रूपमा हुन नसकेको देखाउँछ।

पाँच वर्षको अवधिमा बाली बीमाको कुल बीमांक रकम सात अर्ब ७५ करोड ९९ लाख रुपैयाँ पुगेको छ। यस अवधिमा बाली बीमाको प्रिमियम शुल्क एक अर्ब १२ करोड ६९ लाख रुपैयाँ रहेकोमा सरकारले ८३ करोड ५६ लाख रुपैयाँ अनुदान उपलब्ध गराएको छ। कृषकले भने प्रिमियमबापत २२ करोड ६८ लाख रुपैयाँ तिरेका छन्।

त्यस्तै, पशुपन्छी तथा मत्स्य बीमातर्फ कुल बीमांक रकम १६ अर्ब सात करोड ६४ लाख रुपैयाँभन्दा बढी पुगेको छ। यस अवधिमा सात अर्ब १८ करोड २२ लाख ६८ करोड ९३ लाख ८७ हजार रुपैयाँमध्ये कर्णालीको हिस्सा १.२५ प्रतिशत रहेको छ।

जिल्लागत रूपमा जाजरकोटमा नौ, सुर्खेतमा पाँच तथा कालिकोट र रुकुम पश्चिममा एक/एक बाली बीमालेख जारी भएका छन्। बीमांक रकमका आधारमा कालिकोटमा ९९ लाख ४३ हजार, सुर्खेतमा ७२ लाख १५ हजार, रुकुम पश्चिममा २९ लाख ५५ हजार र जाजरकोटमा नौ लाख ६८ हजार रुपैयाँ रहेको छ। जुम्ला, हुम्ला, दैलेख, मुगु, डोल्पा र सल्यानमा भने बाली बीमाको पहुँच पुगेको छैन।

राष्ट्रियस्तरमै बाली बीमाको पहुँच कमजोर रहेको मन्त्रालयको भनाइ

बाँकी पृष्ठ २

त्यस्तै, पशुपन्छी तथा मत्स्य बीमातर्फ कुल बीमांक रकम १६ अर्ब सात करोड ६४ लाख रुपैयाँभन्दा बढी पुगेको छ। यस अवधिमा सात अर्ब १८ करोड २२ लाख ६० हजार रुपैयाँ बीमाशुल्क संकलन भएकोमा सरकारले पाँच अर्ब ६७ करोड ४० लाख ६० हजार रुपैयाँ अनुदान दिएको छ। कृषकले एक अर्ब ५० करोड ८१ लाख २० हजार रुपैयाँ प्रिमियम तिरेका छन्।

वर्षगत विवरणले पनि बाली बीमामा पछिल्ला वर्षमा गिरावट देखाउँछ। आर्थिक वर्ष २०७८/७९ मा सात हजार २५४ बाली बीमालेख

बाँकी पृष्ठ ४

कर्णालीमा बाली बीमाको पहुँच अत्यन्त न्यून

कर्णाली प्रदेशमा बाली बीमाको अवस्था अझ कमजोर देखिएको छ। प्रदेशका १० जिल्लामध्ये आर्थिक वर्ष २०८२/८३ को चैतसम्म चार जिल्लामा मात्रै बाली बीमालेख जारी भएका छन्। बाँकी छ जिल्लामा एउटा पनि बाली बीमालेख जारी भएको छैन।

सहसचिव केसीका अनुसार उक्त अवधिमा कर्णालीमा जम्मा १६ वटा बाली बीमालेख जारी भएका छन्। ती बीमालेखको कुल बीमांक रकम दुई करोड १० लाख ८२ हजार २५० रुपैयाँ छ। देशभर जारी भएका एक हजार ९७२ बाली बीमालेखमध्ये कर्णालीको हिस्सा ०.८१ प्रतिशत मात्रै हो। त्यस्तै, देशभरको कुल बीमांक रकम एक अर्ब

कृषि बीमाको जिम्मेवारी प्रदेश सरकारलाई

सरकारले कृषि बीमाको प्रिमियम अनुदान व्यवस्थापनमा नयाँ व्यवस्था लागू गरेको छ। २०८३ भदौ १ गतेदेखि लागू भएको कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधिले अनुदान कार्यक्रम कार्यान्वयनको जिम्मेवारी प्रदेश सरकारलाई दिएको छ।

कार्यविधिअनुसार संघीय मन्त्रालयले सशर्त वित्तीय हस्तान्तरणमार्फत प्रदेशमा बजेट उपलब्ध गराउनेछ भने सम्बन्धित प्रदेश सरकारले कार्यक्रम कार्यान्वयन गर्नेछ। विनियोजित बजेट अपुग भए प्रदेशले थप बजेटसमेत व्यवस्थापन गर्न सक्ने व्यवस्था गरिएको छ।नयाँ कार्यविधिमा अनुदान पाउने बीमालेखको सूचीसमेत विस्तार गरिएको छ। बालीतर्फ २५ प्रकारका, पशुपन्छी तथा अन्यतर्फ छ प्रकारका र जडीबुटीतर्फ टिमुर तथा मेन्थाका बीमालेख समावेश गरिएका छन्। बीमांक रकम एक करोड रुपैयाँसम्म भए प्रिमियममा ८० प्रतिशत र एक करोड रुपैयाँभन्दा माथिको अतिरिक्त बीमांक रकममा ५० प्रतिशत अनुदान दिने व्यवस्था गरिएको सहसचिव केसीले जानकारी दिए।कार्यविधिले बीमालेख जारी गर्दा कृषि तथा पशुपन्छी बीमा प्रणालीको रियलटाइम सफ्टवेयर प्रयोग गर्नुपर्ने व्यवस्था गरेको छ बीमा कम्पनीले प्रत्येक महिना समाप्त भएको सात दिनभित्र

बाँकी पृष्ठ ४

काँक्रेविहार राष्ट्रिय दैनिक

दृष्टिकोण

बिहीवार, १० मंसिर, २०८३
Thursday, 26 Nov 2026

सम्पादकीय

कर्णालीको प्रतिष्ठा र व्यवस्थापनको परीक्षा

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको सुरूवात हुनु आफैंमा ऐतिहासिक उपलब्धि हो । लामो प्रतीक्षा, पूर्वाधार निर्माणका चुनौती र विभिन्न आशंकाबीच कर्णालीले पहिलोपटक राष्ट्रिय खेलकुदको बृहत् महाकुम्भ आयोजना गर्ने अवसर पाएको छ । औपचारिक उद्घाटन हुनुअघि नै खेलहरू सुरू हुनुले प्रतियोगिताप्रतिको उत्साह र तयारीको गति दुवैलाई प्रतिबिम्बित गरेको छ । तर, यो प्रतियोगिता खेल सञ्चालनमा मात्र सीमित छैन, कर्णालीको क्षमता, व्यवस्थापन र राष्ट्रियस्तरमा आफ्नो पहिचान स्थापित गर्ने महत्त्वपूर्ण अवसर पनि हो । प्रतियोगिताको पहिलो दिनका नतिजाले नेपाली खेलकुदमा विभागीय टोलीहरूको बलियो उपस्थितिलाई पुनः उजागर गरेका छन् । महिला क्रिकेट, पुरूष फुटबल र महिला बास्केटबलमा विभागीय टोलीहरूले प्रभावशाली प्रदर्शन गर्दा प्रदेश टोलीहरूका लागि चुनौती थपिएको छ । यसले प्रदेशस्तरमा खेलाडी उत्पादन, नियमित प्रशिक्षण, खेल पूर्वाधार र व्यावसायिक वातावरण निर्माणमा अझै धेरै काम गर्नुपर्ने आवश्यकता देखाएको छ । खेलकुदमा प्रतिस्पर्धा केवल मैदानमा हुने प्रदर्शनले निर्धारण गर्दैन, त्यसको आधार वर्षौंदेखिको लगानी, अनुशासन र तयारी पनि हो ।

यद्यपि, प्रतियोगिताको सबैभन्दा महत्त्वपूर्ण पक्ष खेलको नतिजाभन्दा पनि यसको व्यवस्थापन हो । खेलाडीको आवास, खानपान, यातायात, स्वास्थ्य उपचार र सुरक्षाका विषयमा यसअघि उठेका प्रश्नहरूलाई आयोजकले गम्भीरतापूर्वक लिन आवश्यक छ । रंगशालाभित्रै आठ शय्याको अस्थायी अस्पताल, चिकित्सक, एम्बुलेन्स तथा फिजियोथेरापी सेवाको व्यवस्था हुनु सकारात्मक पक्ष हो । त्यसैगरी चारवटै सुरक्षा निकायको संयुक्त परिचालन र आधुनिक प्रविधिमार्फत निगरानीले प्रतियोगिताको सुरक्षाप्रति आयोजकको संवेदनशीलता देखाएको छ । तर, प्रारम्भिक व्यवस्थापन सन्तोषजनक देखिनु नै सफलता सुनिश्चित हुनु होइन । प्रतियोगिता अवधिभर खेलाडी, प्रशिक्षक, निर्णायक, दर्शक तथा अतिथिले सहज र सुरक्षित वातावरण पाउनुपर्छ । कुनै पनि कमजोरीलाई ढाकछोप गर्नुको सट्टा तत्काल सुधार गर्ने संस्कार विकास गर्नुपर्छ ।

दशौँ राष्ट्रिय खेलकुद कर्णालीका लागि अवसरसँगै जिम्मेवारी पनि हो । यसले यहाँको पर्यटन, व्यापार, होटल व्यवसाय, यातायात र समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्न सक्छ । प्रतियोगिता सकिएपछि पनि निर्माण भएका पूर्वाधार उपयोगविहीन बन्नु हुँदैन । स्थानीय खेलाडीले नियमित अभ्यास र प्रतिस्पर्धाको अवसर पाउनुपर्छ । अन्ततः दशौँ राष्ट्रिय खेलकुदको सफलता पदक तालिकाले मात्र मापन गर्ने विषय होइन । उत्कृष्ट व्यवस्थापन, खेलाडीको सम्मान, निष्पक्ष प्रतिस्पर्धा र दिगो खेलकुद विकास नै यसको वास्तविक उपलब्धि हुनेछ । कर्णालीले यो अवसरलाई ऐतिहासिक उत्सवमा मात्र सीमित नराखी आफ्नो खेलकुद भविष्य निर्माणको आधार बनाउन सक्नुपर्छ । यही नै दशौँ राष्ट्रिय खेलकुदबाट कर्णालीले दिनुपर्ने सबैभन्दा ठूलो सन्देश हो ।

दिल्लीको उपलब्धि र बालेनलाई निमको लड्डु



✍ सुरेश भट्ट आश्रिन

अन्तर्राष्ट्रिय सम्बन्धमा कुनै पनि राष्ट्रको वास्तविक शक्ति उसको भूगोल, जनसङ्ख्या वा अर्थतन्त्रले मात्र निर्धारण गर्दैन । उसले आफ्नो राष्ट्रिय हितका पक्षमा कति दृढतापूर्वक वार्ता गर्न सक्छ, आफ्नो कमजोरीलाई कति कुशलतापूर्वक अवसरमा बदल्न सक्छ र शक्तिशाली छिमेकीसँगको सम्बन्धमा आफ्नो स्वाधीन निर्णय क्षमता कति सुरक्षित राख्न सक्छ भन्ने कुराले पनि निर्धारण गर्छ । अन्तर्राष्ट्रिय राजनीतिमा साना र मझौला राष्ट्रहरूले ठूला शक्ति राष्ट्रहरूसँग व्यवहार गर्दा अपनाउने 'एसिमेट्रिक डिप्लोमेसी' (असमान शक्ति सन्तुलनको कूटनीति) र 'हेजिङ स्ट्राटेजी' (रणनीतिक सन्तुलन) अत्यन्त निर्णायक हुन्छन् । दुई विशाल अर्थतन्त्र र उदयमान विश्वशक्ति भारत र चीनको बीचमा रहेको नेपालका लागि कूटनीति केवल छिमेकी रिझाउने औपचारिकता होइन, आफ्नो अस्तित्व, स्वाधीनता र आर्थिक भविष्य सुरक्षित गर्ने रणनीतिक अभ्यास हो । यही सन्दर्भमा प्रधानमन्त्री बालेन्द्र शाह (बालेन) को पहिलो भारत भ्रमणलाई आन्तरिक राजनीति, द्विपक्षीय लाभहानि र अन्तर्राष्ट्रिय कूटनीतिको फराकिलो कसीमा राखेर चिरफार गर्न आवश्यक छ ।

भारतको दुईदिने राजकीय भ्रमणमा प्रधानमन्त्री बालेनले भारतीय समकक्षी नरेन्द्र मोदीसँग उच्चस्तरीय वार्ता गरे । आर्थिक सहयोग, ऊर्जा, पूर्वाधार, पारवहन, हवाई सम्पर्क, शिक्षा तथा प्रविधिका क्षेत्रमा विभिन्न समझदारी भए । भारतले नेपाललाई १५ हजार करोड भारतीय रुपैयाँ अर्थात् करिब २४ हजार करोड नेपाली रुपैयाँ बराबरको विकास सहायता घोषणा गऱ्यो । सतहमा हेर्दा यो ठूलो उपलब्धि देखिन्छ । तर कूटनीतिको मूल्याङ्कन घोषणाको आकारले होइन, सम्झौताका सूक्ष्म सर्त र त्यसले देशको दीर्घकालीन रणनीतिक स्वायत्ततामा पार्ने प्रभावले गर्नुपर्छ ।

नेपालको राजनीतिमा एउटा पुरानो मनोविज्ञान छ- सत्तामा पुगेपछि नयाँदिल्लीको सद्भाव र समर्थन प्राप्त गर्नुलाई आन्तरिक राजनीतिक वैधता र स्थायित्वको प्रमाण मान्ने । परम्परागत दलहरूको विकल्पका रूपमा उदाएका बालेनका लागि यो भ्रमण केवल द्विपक्षीय कूटनीति मात्र थिएन, आफ्नो नेतृत्वलाई क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा स्वीकार्य बनाउने राजनीतिक परीक्षण पनि थियो । तर आन्तरिक राजनीतिक वैधता वा सस्तो लोकप्रियताका लागि विदेश नीतिलाई उपयोग गर्ने प्रवृत्ति जोखिमपूर्ण हुन्छ । विश्व कूटनीतिमा सफल साना राष्ट्रहरूले आन्तरिक राजनीतिमा जतिसुकै प्रतिस्पर्धा गरे पनि विदेश नीतिमा संस्थागत निरन्तरता कायम राख्छन् । नेपालमा भने सरकार फेरिएसँगै विदेश नीतिको प्राथमिकता फेरिने, एक छिमेकीसँगको निकटतालाई आन्तरिक राजनीतिक विजयका रूपमा प्रस्तुत गर्ने र अर्को छिमेकीसँगको सन्तुलन खलबल्याउने रोग पुरानै हो । बालेन सरकारले दिल्ली भ्रमणलाई राजनीतिक 'सफलताको प्रमाणपत्र' का रूपमा मात्र प्रचार गर्ने कि संस्थागत कूटनीतिक दस्तावेजका रूपमा स्थापित गर्ने भन्ने प्रश्न अहिलेको मुख्य कसी हो ।

अनुदान कि ऋणको पासो ?

भ्रमणको सबैभन्दा चर्चित विषय भारतले घोषणा गरेको २४ हजार करोड नेपाली रुपैयाँको विकास सहायता हो । तर यसको आर्थिक संरचना बुझ्दा प्रचारमा देखिएको अंक र वास्तविक सहायतालाई एउटै अर्थमा बुझ्न मिल्दैन । घोषित रकममध्ये ५ हजार ६०० करोड रुपैयाँ अनुदान हो भने १८ हजार ४०० करोड रुपैयाँ ऊर्जा परियोजनाका लागि सहुलियतपूर्ण ऋण हो । अर्थात् कुल रकमको झन्डै ७७ प्रतिशत ऋण र २३ प्रतिशत मात्र अनुदान हो । यसलाई निःशुल्क सहायताका रूपमा बुझ्नु आर्थिक तथ्यको अपव्याख्या हुनेछ ।

आधुनिक अन्तर्राष्ट्रिय अर्थ-राजनीतिमा 'लाइन अफ क्रेडिट' (सहुलियतपूर्ण ऋण) लाई दाता राष्ट्रले आफ्नो भूराजनीतिक प्रभाव विस्तार गर्ने र आफ्नै देशका कम्पनीलाई बजार दिलाउने 'सफ्ट पावर' का रूपमा प्रयोग गर्छन् । ऋण आफैंमा खराब होइन, तर नेपालको व्यापार घाटा उच्च रहेको, उत्पादन क्षमता कमजोर भएको र युवा जनशक्ति विदेश पलायन भइरहेको अवस्थामा ऋणबाट बन्ने परियोजनाले कति रोजगारी, निर्यात र राजस्व सिर्जना गर्छन् भन्ने स्पष्ट हुनुपर्छ । ऋण लिएर विद्युत् आयोजना बनाउने तर उत्पादित विद्युत् बेच्न बजारका लागि एउटै देशको एकाधिकारमा निर्भर रहनुपर्ने अवस्था आयो भने परियोजनाको वास्तविक आर्थिक सार्वभौमिकतामाथि प्रश्न उठ्छ । सन् २०१५ को एक अर्ब डलरको पाठ आर्थिक सहायताको मूल्याङ्कन गर्दा ०७२ सालको भूकम्पपछिको इतिहास बिर्सनु हुँदैन । २५ जुन २०१५ मा काठमाडौंमा आयोजित पुनर्निर्माण सम्मेलनमा भारतले एक अर्ब अमेरिकी डलर सहयोगको प्रतिबद्धता जनाएको थियो, जसमा २५ करोड डलर अनुदान र ७५ करोड डलर सहुलियतपूर्ण ऋण थियो । तर भारतको एक्जिम बैंकमार्फत परिचालन हुने उक्त ऋणमा भारतीय सामग्री, उपकरण, सेवा र ठेकेदारको प्रयोगसम्बन्धी कडा सर्त राखियो ।

नेपालको कमजोर परियोजना छनोट, खरिद प्रक्रिया र वार्ता क्षमताका कारण उक्त ऋण परिचालनमा गम्भीर जटिलता देखियो । परिणामस्वरूप त्रिभुवन विश्वविद्यालयअन्तर्गतका शैक्षिक संस्था र स्वास्थ्य संरचनाको पुनर्निर्माणसमेत अवरुद्ध भयो । अमृत साइन्स क्याम्पसका विद्यार्थीहरू अझै क्षतिग्रस्त पुराना भवनमा अध्ययन गर्न बाध्य हुनु त्यसैको दृष्टान्त हो । अब फेरि १८ हजार चार सय करोड रुपैयाँ ऋणको प्रतिबद्धता आएको छ । यसपटक स्थानीय श्रम, निर्माण सामग्री, नेपाली निजी क्षेत्र र प्राविधिक जनशक्तिको अधिकतम उपयोग सुनिश्चित गरिएको छ कि छैन भन्ने प्रश्न अहम् छ ।

हवाई रुटको कूटनीति

हवाई सम्पर्कको विषयमा यसपटक पनि भारतले नेपालको मुख्य आवश्यकता टारेर सीमित सहुलियत मात्र दिएको देखिन्छ । अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आईकाओ) को मर्मअनुसार व्यावसायिक उडानलाई सहज, सुरक्षित र कम खर्चिलो बनाउने हवाई मार्गको पहुँच विश्वव्यापी अभ्यास हो । नेपालले लामो समयदेखि भैरहवास्थित गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको व्यावसायिक सञ्चालनका लागि महेन्द्रनगर, नेपालगन्ज र जनकपुर हुँदै अन्तर्राष्ट्रिय हवाई प्रवेशमार्ग (इन्ट्री रुट) माग गर्दै आएको छ । तर भारतले ती निर्णायक रुटहरू नदिई काठमाडौं-भैरहवा-लखनउको विद्यमान एकतर्फी 'बी-३४५' जस्ता सीमित क्षेत्रीय रुटलाई दुईतर्फी बनाउने वा प्राविधिक छलफल जारी राख्नेमै विषयलाई अड्काइदियो । यसमा भारतको गहिरो सुरक्षा, सैन्य र व्यावसायिक स्वार्थ लुकेको छ । पहिलो, पश्चिम नेपालको आकाशमा जोडिने भारतीय भूभाग (उत्तर प्रदेश र उत्तराखण्ड) मा भारतीय वायुसेनाका संवेदनशील सैनिक अखडा, रडार प्रणाली र 'डिफेन्स एयरस्पेस' रहेका छन् । चीनसँगको सीमा नजिकको आकाशमा तेस्रो मुलुकका व्यावसायिक विमानलाई सहज प्रवेश दिँदा आफ्नो हवाई निगरानी र सुरक्षा संवेदनशीलतामा असर पर्ने भारतको बुझाइ छ ।

दोस्रो, भैरहवा र पोखरामा सिधै अन्तर्राष्ट्रिय उडान सहज भएमा दिल्ली, मुम्बई र लखनउ विमानस्थलको ट्रान्जिट व्यापार तथा भारतीय वायुसेवा कम्पनीहरूको एकाधिकारमा धक्का लाग्ने व्यावसायिक हिसाब पनि नयाँदिल्लीसँग छ । त्यसैगरी, भारतीय सञ्चारमाध्यममा १५० किलोमिटर हवाईमार्ग नेपालले भारतलाई दिएको अर्थ लाग्ने गरी गरिएको चर्चा र झापाको आकाश प्रयोग गरी बागडोगरा विमानस्थलसम्म पहुँच दिने विषयले गम्भीर प्रश्न उठाएको छ । 'सिलिगुडी करिडोर' (चिकेन नेक) नजिकको बागडोगरा विमानस्थल भारतका लागि रणनीतिक र सैन्य दृष्टिले अत्यन्त संवेदनशील मानिन्छ । नेपालले आफ्ना विमानस्थल चलाउन पश्चिमबाट सहज प्रवेशमार्ग नपाउने, तर भारतले आफ्नो रणनीतिक सुविधाका लागि नेपाली आकाश प्रयोग गर्ने स्थिति बन्नु कूटनीतिक असन्तुलन हो ।

पारवहन र बन्दरगाह

संयुक्त राष्ट्रसङ्घीय सामुद्रिक कानुनसम्बन्धी महासन्धि (अन्क्लोज- १९८२) ले भूपरिवेष्टित राष्ट्रहरूलाई समुद्रसम्मको निर्बाध पहुँच र पारवहनको अधिकारलाई नैसर्गिक अधिकारका रूपमा स्थापित गरेको छ । यही अन्तर्राष्ट्रिय मान्यताअनुसार नेपालले तेस्रो मुलुकसँगको व्यापार लागत घटाउन र कोलकाता तथा विशाखापट्टनम बन्दरगाहको निर्भरता कम गर्न गुजरातको मुन्द्रा, उडिसाको धामरा वा आफ्नो व्यापारिक अनुकूलताअनुसारका बन्दरगाह तथा सहज जलमार्ग-रेलमार्ग पहुँचको अपेक्षा राख्दै आएको छ ।

बास्केटबलमा...

सुदूरपश्चिम प्रदेशलाई ७ विकेटले पराजित गर्दै प्रतियोगितामा विजयी सुरुवात गऱ्यो । बागमतीले टस जितेर पहिले ब्याटिङको निम्तो दिएपछि मैदान उत्रिएको सुदूरपश्चिमले निर्धारित ओभरमा ७ विकेटको क्षतिमा ११२ रन बनाएको थियो । सुदूरपश्चिमका लागि ओपनर मनिषा बोहराले ३० रन तथा स्नेहा महराले २२ रन बनाइन्। खेलको अन्तिमतिर ब्याटिङ गर्न आएकी अनु कडायतले १५ बलमा एक चौका र एक छक्काको मद्दतमा अविजित २३ रनको महत्वपूर्ण पारी खेलिन्। कप्तान ऋतु कनौजियाले १४ बलमा अविजित १५ रन जोडिन् भने ममता बोहराले २ तथा रविना बोहरा, यामु पाण्डे र ममता चन्दले एक-एक रन बनाए। सुदूरपश्चिमका मनिषा बोहरा र स्नेहा महरा रन आउट भएका थिए । बलिङतर्फ बागमतीकी कप्तान अस्मिना कर्माचार्यले ३ विकेट लिइन् भने संस्कृति फुयाँल र लक्ष्मीमाया रुम्बा लामाले एक-एक विकेट हात पारे । जवाफमा ११३ रनको लक्ष्य पछ्याएको बागमती प्रदेशले १८ ओभरमा मात्र ३ विकेट गुमाएर लक्ष्य पूरा गऱ्यो । बागमतीको जितमा ओपनर हेलिषा गुरुङले ५१ बलमा ६ चौका प्रहार गर्दै अविजित ५५ रनको अर्धशतकीय पारी खेलिन् । यस्तै, लक्ष्मीमाया रुम्बा लामाले २०, कामना श्रेष्ठले १३, विपिसा शाहीले १० र सेविका कुमारी यादवले ३ रनको योगदान दिए । सुदूरपश्चिमका लागि अनु कडायत र स्नेहा महराले एक-एक विकेट लिए । अर्धशतकीय पारी खेलेकी हेलिषा गुरुङ 'प्लेयर अफ द म्याच' घोषित भइन् । यसैगरी, बुधबार नै भएको दोस्रो खेलमा कोशी प्रदेशले आयोजक कर्णाली प्रदेशलाई ४९ रनले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गऱ्यो । उद्घाटन खेलमा त्रिभुवन आर्मी क्लबसँग पराजित भएर दबाबमा रहेको कोशीले टस जितेर पहिले ब्याटिङ रोजेको थियो । कप्तान रुविना क्षेत्रीको शानदार अर्धशतकीय पारीको मद्दतमा कोशीले १२५ रन बनायो। रुविनाले आउट हुनुअघि ५७ बलको सामना गर्दै एक छक्का र नौ चौकाको मद्दतमा ६२ रन जोडिन्। कोशीका लागि काजोल श्रेष्ठले १४, खुशी राजबंशीले १०, लकिता राजबंशीले ९, विमला महलाले अविजित ७ र फुलकुमारी राजबंशीले अविजित ६ रन बनाए । कर्णालीकी रमा बुढाथोकीले २ र रविना बुढामगरले १ विकेट लिए । १२६ रनको लक्ष्य पछ्याएको कर्णाली प्रदेश कोशीको कसिलो बलिङसामु ७६ रनमै अलआउट भयो। कर्णालीका लागि शिखा दवाडीले सर्वाधिक २०, सोविका शाहीले १२, रमा बुढाथोकीले १०, किरणकुमारी कुँवरले ९, गंगा खड्का र सोना चन्दले सात-सात, अञ्जु गुरुङले ४, रविना बुढामगरले ३ तथा जयन्ती चन्द र ओपनर रेखा सोनीले एक-एक रन बनाए। कर्णालीको ब्याटिङ लाइन ध्वस्त पार्ने क्रममा कोशीकी लकिता राजबंशीले ४ ओभरमा १ मेडन राख्दै मात्र ५ रन खर्चेर ३ विकेट लिइन् र 'प्लेयर अफ द म्याच' बनिन् । कोशीकी निशा शाह र एलिशा खादियाले दुई-दुई तथा कप्तान रुविना क्षेत्री र निरु राजबंशीले एक-एक विकेट लिए ।

पुरुष फुटबलमा आर्मीको सानदार सुरुवात, कोशी र बागमतीको बराबरी

पुरुष फुटबलतर्फ बुधबार भएको पहिलो खेलमा त्रिभुवन आर्मी क्लबले लुम्बिनी प्रदेशलाई ३-० गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको छ । खेलको पहिलो हाफमा एक गोलको अग्रता लिएको आर्मीले दोस्रो हाफमा एक गोल थप्दा अर्को एक गोल आत्मघाती उपहार पाएको थियो। आर्मीका लागि खेलको २३ औं मिनेटमा जर्सी नम्बर २१ का भरत खवासले पहिलो गोल गर्दै टोलीलाई अग्रता दिलाएका थिए । दोस्रो हाफको ५२ औं मिनेटमा जर्सी नम्बर १० का लाकेन लिम्बुले गोल गर्दै अग्रता दोब्बर पारे । खेलको ६४ औं मिनेटमा लुम्बिनी प्रदेशका जर्सी नम्बर ४ का विकास लिम्बुले बल क्लियर गर्ने क्रममा आफ्नै पोस्टमा आत्मघाती गोल गर्न पुगेपछि आर्मी ३-० ले विजयी भयो। प्रतिस्पर्धात्मक खेलमा लुम्बिनीका फागुराम थारुलाई पहँेलो कार्ड देखाइएको म्याच अफिसर बीरेन्द्र पाण्डेले जानकारी दिए । पुरुष फुटबलकै बुधबार भएको दोस्रो खेलमा कोशी प्रदेश र बागमती प्रदेशले २-२ गोलको बराबरी खेल्दै अंक बाँडेका छन् । दुई गोलको अग्रता लिएको बागमती खेलको उत्तरार्धमा सम्हालिन नसक्दा बराबरीमा चित्त बुझाउन बाध्य भयो । बागमतीका लागि दुवै गोल एलिक श्रेष्ठले खेलको ३६ औं र ५४ औं मिनेटमा गरेका थिए । तर, खेलको अन्तिम १५ मिनेटमा उत्कृष्ट पुनरागमन गर्दै कोशीले दुई गोल फर्कायो कोशीका तर्फबाट खेलको ७५ औं मिनेटमा मिलन राईले पेनाल्टीमार्फत गोल गरे भने ७८ औं मिनेटमा पदम भट्टराईले बराबरी गोल फर्काए। खेलको दोस्रो हाफमा दुवै टोलीका तर्फबाट गोलका थुप्रै अवसरहरू खेर गएका थिए । उक्त खेलमा कोशीका पदम भट्टराई र सविन घिमिरे तथा बागमतीका संजीव अर्यालले पहँेलो कार्ड पाएका थिए । पुरुष फुटबलतर्फ बिहीबार दुई खेल हुनेछन् । पहिलो खेल बिहान ९ बजे कर्णाली प्रदेश र गण्डकी प्रदेशबीच तथा दोस्रो खेल दिउँसो २:३० बजे सशस्त्र प्रहरीको एपीएफ क्लब र मधेश प्रदेशबीच प्रतिस्पर्धा हुनेछ ।

कर्णालीमा...

छ । पछिल्लो पाँच वर्षमा कृषि बीमाअन्तर्गत सात लाखभन्दा बढी बीमालेख जारी भए पनि समग्र कृषि क्षेत्रमा किसानको सहभागिता करिब चार प्रतिशत मात्रै रहेको प्रस्तुतिमा उल्लेख छ । पशुपन्छी तथा मत्स्य बीमाको तुलनामा बाली बीमाको हिस्सा १० प्रतिशतभन्दा कम छ । महाशाखाका सहसचिव केसीका अनुसार पशुपन्छीको मृत्युलगायत क्षतिको मूल्यांकन र प्रमाणीकरण तुलनात्मक रूपमा सहज हुने भएकाले बीमा कम्पनीले पशुपन्छी बीमालाई प्राथमिकता दिने गरेका छन् । यसले बाली बीमाको विस्तारमा व्यावहारिक चुनौती रहेको संकेत गर्छ ।

नेपाली कांग्रेसको महाधिवेशनबाट निर्वाचित कार्यसमिति आयोगमा अध्यावधिक

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ९ मंसिर

नेपाली कांग्रेसको १५औं महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको कार्यसमिति निर्वाचन आयोगले अध्यावधिक गरेको छ।

आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले १५औं महाधिवेशनबाट चयन भएको समिति अध्यावधिक गरिएको जानकारी दिए।

कांग्रेसको १५औं महाधिवेशन असोज १८



देखि २३ गतेसम्म काठमाडौंमा सम्पन्न भएको थियो।

उक्त महाधिवेशनबाट गगन थापाको नेतृत्वमा २० पदाधिकारीसहित २३१ सदस्य निर्वाचित भएका थिए।

अध्यावधिक गर्नका लागि प्रमामन्त्री प्रदीप पौडेलले कात्तिक १६ गते निवेदन दिएका थिए।

चार महिनामै १ अर्ब १७ करोडको लसुन भित्रियो



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ९ मंसिर

नेपालमा लसुन आयात बढ्दै गएको छ। चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो चार महिनामा मात्रै १ अर्ब १६ करोड ९२ लाख रुपैयाँभन्दा बढीको लसुन आयात भएको छ।

भन्सार विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार साउनदेखि कात्तिक मसान्तसम्म नेपालले ७ हजार ४३८ टन लसुन आयात गरेको छ। यो परिमाण गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३७.५७ प्रतिशत बढी हो। गत वर्ष यस अवधिमा ५ हजार ४०७ टन लसुन आयात भएको थियो।

आयातित लसुनमध्ये अधिकांश चीनबाट आएको छ। कुल आयातको ९२.७५ प्रतिशत हिस्सा चीनको रहेको छ। चीनबाट मात्रै ९९ करोड ७७ लाख रुपैयाँको ताजा लसुन आयात भएको विभागको तथ्यांक छ।

भारतबाट भने १७ करोड १५ लाख रुपैयाँको लसुन भित्रिएको छ। भारतबाट आयात हुने लसुनको परिमाण घटे पनि सुकेको लसुनको मूल्य बढ्दा आयात रकम भने उल्लेख्य वृद्धि भएको छ।

लसुन आयातबाट सरकारले चार महिनामा २८ करोड २७ लाख रुपैयाँ भन्सार राजस्व संकलन गरेको छ। गत वर्ष सोही अवधिमा १८ करोड ४ लाख रुपैयाँ राजस्व उठेको थियो।

सडक कालोपत्र भएपछि सुगम बन्दै दुर्गम बस्ती

❐ **काँक्रेविहार संवाददाता**
बाँके, ९ मंसिर

बाँकेको राप्तीसोनारी गाउँपालिकाका भित्री सडक कालोपत्र भएपछि दुर्गम बस्तीका स्थानीयलाई आवतजावतमा सहज भएको छ। सडक कालोपत्र भएसँगै गाउँ र बजारबीचको दूरी घटेको छ भने स्थानीयको दैनिक जनजीवनसमेत सहज बनेको छ।गाउँपालिका-२ अन्तर्गत कचनापुर, टीकुलीपुर र माथेबास टोलका ग्राभेल सडक कालोपत्र भएपछि ती बस्ती नेपालगञ्ज र कोहलपुर बजारसँग सहज रूपमा जोडिएका छन्। सडकले मुख्य राजमार्ग र हुलाकी सडकलाई समेत जोड्न सहयोग पुगेको स्थानीय देवदास चौधरीले बताए।

उनका अनुसार पहिले गाउँबाट बजार पुग्न निकै कठिन हुने गरेकामा अहिले यातायातका साधनमार्फत सहजै आवतजावत गर्न सकिन्छ।

सडक कालोपत्र भएपछि दुर्गम मानिएका गाउँसमेत सुगम बनेको उनले बताए।वडाध्यक्ष ज्ञानराज ओलीका अनुसार सडक निर्माणपछि बिरामीलाई अस्पताल पुऱ्याउन र बजार आवतजावत गर्न सहज भएको छ। पहिले पैदल हिँडेर नेपालगञ्ज पुग्नुपर्ने स्थानीय अहिले गाउँबाटै अटो चढेर बजार जान सक्ने भएका छन्।

उनका अनुसार कोटही सामुदायिक वन उपभोक्ता समूह र जनमुखी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रभित्र पर्ने करिब एक किलोमिटर ८०० मिटर ग्राभेल सडक कालोपत्र गरिएको छ।

सडक कालोपत्र भएपछि स्थानीय उत्पादन बजारसम्म पुऱ्याउन पनि सहज भएको छ। गाउँमा उत्पादित तरकारी तथा अन्य कृषि उपज बिक्रीका लागि बजार लैजान यातायातको सुविधा उपलब्ध भएको स्थानीयको भनाइ छ।

स्थानीय भगतराम थारुले सडकसँगै खानेपानी र विद्युतीकरणको विस्तारले गाउँको जनजीवनमा परिवर्तन आएको बताए।

साते प्रदेशमा ट्रमा सेन्टर स्थापना गर्ने स्वास्थ्यमन्त्रीको घोषणा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ९ मंसिर

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहतालेसडक दुर्घटना तथा अन्य विपद्बाट घाइते हुने नागरिकलाई सहज र गुणस्तरीय उपचार सेवा उपलब्ध गराउन सरकारले साते प्रदेशमा प्रादेशिक ट्रमा सेन्टर स्थापना गर्ने नीति लिएको बताएकी छन्।

राष्ट्रिय ट्रमा सेन्टरको १३औं स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा मन्त्री मेहतालेउपकरण, दक्ष जनशक्ति, बहुविषयगत



चिकित्सक टोली र प्रभावकारी व्यवस्थापनसहित प्रादेशिक ट्रमा सेन्टर स्थापना गरिने बताइन्। यसबाट सामान्य तथा मध्यम प्रकृतिका चोटपटकको उपचार प्रदेशस्तरमै सम्भव हुने र बिरामीको रिफरल प्रणाली व्यवस्थित हुने उनले बताएकी छन्। मन्त्री मेहतालेदुर्घटनापछिको उपचारमा अस्पतालपूर्वको आकस्मिक सेवालाई प्रभावकारी बनाउन सरकारले एम्बुलेन्स सेवा निर्देशिका, २०८२ लागु गरिसकेको जानकारी दिइन्।

देशभर एउटै आकस्मिक नम्बर १०२ मार्फत सेवा प्रवाह गर्न संघीय तथा साते प्रदेशका स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई २४सै घण्टा क्रियाशील बनाइएको उनले बताइन्।

एम्बुलेन्सलाई सामान्य यातायातका साधनबाट आकस्मिक उपचार सेवासहितको साधनका रूपमा विकास गर्ने सरकारको नीति रहेको जानकारी पनि उनले दिइन्।

वनगाड कुपिण्डे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
देवस्थल, सल्यान
कर्णाली प्रदेश, नेपाल

नगरपालिका शिक्षक तथा प्रशिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन, २०८३

सूचना प्रकाशित मितिः २०८३/०८/१०

वनगाड कुपिण्डे नगरपालिका नगर कार्यपालिकाको मिति २०८३/०६/१३ गतेको निर्णयानुसार स्वीकृत शिक्षक तथा प्रशिक्षक पदमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा करारमा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाए बमोजिम दरखास्त आह्वान गरिन्छ ।

माध्यामिक तह (कक्षा ९-१०)

क्र.सं.	विषय	समूह	खुला	महिला	जम्मा
१	कम्प्युटर प्रशिक्षक	विज्ञापन नं.	०४-२०८३/८४	०५-२०८३/८४	
		माग संख्या	१	१	२
२	विज्ञान	विज्ञापन नं.	०६-२०८३/८४		
		माग संख्या	१		१
३	नेपाली	विज्ञापन नं.	०७-२०८३/८४	०८-२०८३/८४	
		माग संख्या	१	१	२
जम्मा			३	२	५

आधारभुत तह (कक्षा १-८)

क्र.सं.	विषय	समूह	खुला	महिला	जम्मा
१	गणित	विज्ञापन नं.	०९-२०८३/८४	१०-२०८३/८४	
		माग संख्या	१	१	२
२	विज्ञान	विज्ञापन नं.	११-२०८३/८४	१२-२०८३/८४	
		माग संख्या	१	१	२
३	अङ्ग्रेजी	विज्ञापन नं.	१३-२०८३/८४	१४-२०८३/८४	
		माग संख्या	१	१	२
४	सामाजिक	विज्ञापन नं.	१५-२०८३/८४		
		माग संख्या	१		१
५	नेपाली	विज्ञापन नं.	१६-२०८३/८४		
		माग संख्या	१		१
६	कम्प्युटर सहायक प्रशिक्षक	विज्ञापन नं.	१७-२०८३/८४	१८-२०८३/८४	
		माग संख्या	१	१	२
जम्मा			६	४	१०

१. **परीक्षाको किसिमः**
क) लिखित परीक्षा (सामान्य र विषयगत) ख) अन्तर्वार्ता

२. **परीक्षा संचालनः** दरखास्त मिति समाप्त भए पछि सूचना प्रकाशन गरिनेछ ।

३. **दरखास्त दस्तुरः** क) माध्यामिक तहको लागि रु. १०००।- र आधारभुत तहको लागि रु. ७००।-
ख) प्रत्येक समावेशी समूहको लागि थप रु. २००।- लाग्नेछ । ग) दस्तुर नगरपालिकाको राजस्व शाखामा बुझाउनु पर्नेछ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०८३/०८/२३ गते कार्यालय समय भित्र ।

५. **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मितिसम्म माध्यमिक तहको लागि २१ वर्ष र आधारभुत तहको लागि १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

६. **दरखास्त फाराम पाईने र बुझाउने स्थानः** वनगाड कुपिण्डे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा।

७. **आवश्यक शैक्षिक योग्यताः** माध्यामिक तहको लागि सम्बन्धित विषयमा स्नातक र आधारभुत तहको लागि सम्बन्धित विषयमा कक्षा १२ वा सो सरह उतीर्ण गरेको।

८. **मासिक तलब सुविधाः** कार्यालयको निर्णयानुसार।

९. **पाठ्यक्रमः** शिक्षक सेवा आयोगले सम्बन्धित तह र विषयका लागि निर्धारण गरे बमोजिम हुनेछ।

१०. **नियुक्ति तथा पदस्थापनः** छनौट समितिबाट सिफारिस भएको उम्मेदवारलाई नियुक्तिका लागि कार्यालयको निर्णयानुसार विद्यालयमा सिफारिस गरिनेछ ।

११. **उम्मेदवारले दरखास्त दिँदा पेश गर्नुपर्ने थप कागजातहरुः**
क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी । ख. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी ।
ग. अध्यापन अनुमति पत्रको प्रतिलिपी।(कम्प्युटर प्रशिक्षक र सहायक प्रशिक्षकका लागि अध्यापन अनुमतिपत्र आवश्यक नपर्ने)
घ. समावेशीको हकमाः सम्बन्धित निकायबाट उपलब्ध कागज प्रमाणहरु ।
ङ. पासपोर्ट साइजको फोटो ३ प्रति ।

१२. विज्ञापनमा उल्लेख नभएका अन्य विषयहरु प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

नोटः समावेशी समूह तर्फ कोटा पूर्ति हुन नसकेमा खुलाबाट उतीर्ण उम्मेदवारलाई छनौट गरिनेछ।

पुष्पराज कट्वाल
प्रमुख प्रशासकीय अधिकृत

पौडीमा एकैदिन चार राष्ट्रिय कीर्तिमान, ९ स्वर्णसहित बागमती शीर्ष स्थानमा

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ९ मंसिर

नेपालगन्जस्थित पौडी पोखरीमा बुधबार कीर्तिमानै कीर्तिमानको वर्षा भयो । प्रतियोगिताको दोस्रो दिन सुदूरपश्चिमका अर्थव सिंह, बागमतीका अभिव प्रधान, एनआरएनएकी लिली बोहरा र नेपाल पुलिस क्लबको रिले टोलीले नयाँ राष्ट्रिय कीर्तिमान रचेका हुन् ।

पुरुष ४०० मिटरमा सुदूरपश्चिमका अर्थव सिंहले ४ मिनेट ५६.७६ सेकेन्डमा दूरी पार गर्दै आफ्नै पुरानो कीर्तिमान भंग गरी स्वर्ण जिते । यस स्पर्धामा पुलिसका मयोन श्रेष्ठले रजत र बागमतीका अरिक कर्माचार्यले कास्य पदक हात पारे । यस्तै, महिला ८०० मिटर फ्रिस्टायलमा एनआरएनएकी लिली बोहराले ९ मिनेट ३४.०६ सेकेन्डको समय निकाल्दै आर्मीकी डुअना लामाको कीर्तिमान तोडिन् । डुअनाले पनि आफ्नो पुरानो समय सुधार गर्दै रजत जितिन् भने पुलिसकी देभान्सी जोशीले कास्य पाइन् । लिलीले बुधबारै २०० मिटर फ्रिस्टायलमा समेत स्वर्ण जितिन् । पुरुष १०० मिटर ब्रेस्टस्ट्रोकमा बागमतीका अभिव प्रधानले १ मिनेट ०१.५१ सेकेन्डमा दूरी पूरा गर्दै प्रारम्भ भण्डारीको कीर्तिमान तोडे । अभिवले ५० मिटर बटरफ्लाईमा समेत स्वर्ण थपे ।

यता, पुरुष ४ गुणा २०० मिटर फ्रिस्टायल रिलेमा नेपाल पुलिस क्लबले झण्डै एक दशक पुरानो कीर्तिमान भंग गऱ्यो । इर्भिन श्रेष्ठ, आरुष अवाले, मयोन श्रेष्ठ र काल्किन श्रेष्ठको टोलीले ८ मिनेट ३२.१३ सेकेन्डमा दूरी पार गर्दै सन् २०१६ को कीर्तिमान तोडेको हो । बुधबारै सम्पन्न अन्य स्पर्धामा महिला ५० मिटर बटरफ्लाईमा एनआरएनएकी मिखा काया थापा, पुरुष २०० मिटर फ्रिस्टायलमा पुलिसका इर्भिन श्रेष्ठ र महिला १०० मिटर ब्याकस्ट्रोकमा बागमतीकी आर्या महर्जनले स्वर्ण जिते । महिला ४ गुणा १०० मिटर र मिक्स ४ गुणा ५० मिटर मिड्ले रिले दुवैमा बागमतीले स्वर्ण कब्जा गऱ्यो दोस्रो दिनको समाप्तिसम्म पौडीमा कुल ६ वटा राष्ट्रिय कीर्तिमान बनिसकेका छन् । अंक तालिकामा ९ स्वर्णसहित बागमती शीर्ष स्थानमा रहँदा ६ स्वर्णसहित एनआरएनए दोस्रो र ३ स्वर्णसहित पुलिस तेस्रो स्थानमा छ । आर्मी २ तथा सुदूरपश्चिम र कोशी प्रदेशले १-१ स्वर्ण जितेका छन् ।

कृषि...

अनुदान भुक्तानीका लागि बीमालेखको विवरण नेपाल बीमा प्राधिकरणमा बुझाउनुपर्नेछ । प्राधिकरणले विवरण रुजु गरी प्रदेश मन्त्रालयमा सिफारिस गर्ने र प्रदेशबाट रकम निकासा भएपछि बीमकलाई अनुदान भुक्तानी गर्ने प्रक्रिया तोकिएको छ । एउटै प्रयोजनका लागि अर्को सरकारी निकायबाट दोहोरो अनुदान लिन नपाइने व्यवस्था पनि गरिएको छ । मन्त्रालयको प्रस्तुतिमा आर्थिक वर्ष २०८३/८४ का लागि बाली बीमा प्रिमियम अनुदानमा २० करोड ४० लाख रुपैयाँ र पशुपन्छी बीमाका लागि ९९ करोड २० लाख रुपैयाँ विनियोजन भएको उल्लेख छ । साते प्रदेशका लागि जम्मा एक अर्ब एक लाख ५० हजार रुपैयाँ बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ ।

नयाँ कार्यविधिले प्रदेश सरकारलाई जिम्मेवारी दिएसँगै अब प्रदेशस्तरमा बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, किसानसम्म सूचनाको पहुँच र बाली बीमाको विस्तारमा कस्तो प्रगति हुन्छ भन्ने चासो बढेको छ । विशेषगरी कर्णालीका बाली बीमा नपुगेका छ जिल्लामा कार्यक्रम विस्तार गर्नु चुनौतीका रूपमा देखिएको छ ।

पशुपन्छी...

जारी भएकोमा २०७९/८० मा आठ हजार १७८ र २०८०/८१ मा नौ हजार ७३० पुगेका थिए ।

तर, २०८१/८२ मा घटेर एक हजार ६७७ र २०८२/८३ मा दुई हजार १०७ मा सीमित भएका छन् । पशुपन्छी तथा मत्स्य बीमामा भने सुरुवाती वर्षको तुलनामा पछिल्ला वर्षमा उल्लेख्य विस्तार भएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा २४ हजार २६६ बीमालेख जारी भएकोमा २०७९/८० मा एक लाख ८० हजार ७१५ पुगेको थियो । २०८०/८१ मा एक लाख ४६ हजार ३९४, २०८१/८२ मा एक लाख ६० हजार ३३२ र २०८२/८३ मा एक लाख ६४ हजार २११ बीमालेख जारी भएका छन् ।

दाबी भुक्तानीमा पनि दुई क्षेत्रबीच ठूलो अन्तर छ । पाँच वर्षमा बाली बीमातर्फ १८ हजार ६१२ बीमालेखको १७ करोड १६ लाख २० हजार रुपैयाँ दाबी भुक्तानी भएको छ । पशुपन्छी तथा मत्स्य बीमातर्फ एक लाख २१ हजार ११२ बीमालेखको छ अर्ब एक करोड ९७ लाख ८० हजार रुपैयाँ भुक्तानी भएको मन्त्रालयको तथ्यांक छ ।

सहर मोहले गाउँको विद्यालयमा विद्यार्थी अभाव

❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, ९ मंसिर

सदरमुकामसमेत रहेको सिमकोट गाउँपालिका-३ का छ वटा लामा बस्तीबाट रलिङ माध्यमिक विद्यालयमा तीन जना विद्यार्थी मात्रै अध्ययनरत छन् ।

ती बस्तीका अधिकांश विद्यार्थी जिल्ला बाहिरका सहर तथा सदरमुकाम सिमकोटका निजी र सामुदायिक विद्यालयमा अध्ययन गर्न थालेपछि रलिङ माध्यमिक विद्यालयमा विद्यार्थीको संख्या घटेको हो । विद्यालयका प्रधानाध्यापक छिमी लामाका अनुसार तीन जना लामा समुदायका विद्यार्थी मात्र अहिले रलिङ माविमा अध्ययनरत छन् । ती तीनै जना विद्यार्थी बरगाउँका हुन् ।

उक्त वडामा लाइदुक, तोर्पा, बरगाउँ, हुटिक, लिमाटाङ, गुम्बा र टल्की गरी छ वटा लामा बस्ती छन् । तीमध्ये पाँच वटा बस्तीबाट अहिले एक जना पनि विद्यार्थी विद्यालयमा आउँदैनन् । अधिकांश अभिभावकले आफ्ना छोराछोरीलाई काठमाडौं, पोखरा, नेपालगञ्ज र सुर्खेतजस्ता सहरमा पढाउन थालेका छन् । केहीले सदरमुकाम सिमकोटका निजी तथा सामुदायिक विद्यालयमा भर्ना गराएका छन् ।

कुनै समय लामा बस्तीका विद्यार्थीले भरिभराउ हुने रलिङ माविमा अहिले विद्यार्थीको संख्या तीनमा सीमित भएको प्रधानाध्यापक लामाले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पूर्णबहादुर लामाका अनुसार हाल रलिङ माविमा एक सय ३० जना विद्यार्थी अध्ययनरत छन् । उनीहरूमध्ये अधिकांश सिमकोट गाउँपालिका-१ र २ अन्तर्गतको ठेहे गाउँका दलित तथा गैरदलित समुदायका विद्यार्थी हुन् ।

ठेहे गाउँका विद्यार्थी नभएको भए विद्यालय नै बन्द हुने अवस्थामा पुग्ने अध्यक्ष लामाले बताए । उनले छ वटा लामा बस्तीका अभिभावकलाई आफ्ना छोराछोरी गाउँकै विद्यालयमा पढाउन आग्रह गर्दा पनि सकारात्मक जवाफ नपाएको बताए । उनका अनुसार पछिल्लो समय छोराछोरीलाई सहरमा पढाउने होड चलेको छ भने गाउँमा विद्यार्थीको संख्या निरन्तर घटिरहेको छ ।

कुनै समय राम्रा विद्यार्थी उत्पादन गर्ने विद्यालयका रूपमा परिचित रलिङ माविको शैक्षिक अवस्था पनि पछिल्लो समय खस्कँदै गएको उनको भनाइ छ ।

ती लामा बस्तीमा अहिले अधिकांश ज्येष्ठ नागरिक मात्रै बसोबास गर्छन् । स्थानीय बासिन्दा रोजगारी, शिक्षा तथा अन्य सुविधाको खोजीमा सहर केन्द्रित हुन थालेपछि गाउँहरू क्रमशः सुनसान बन्दै गएका छन् । पहिले ती बस्ती एउटै गाउँ विकास समितिमा समेटिएका थिए । सङ्घीयता कार्यान्वयनपछि ती बस्ती एउटै वडामा समेटिएका हुन् ।

जुम्लामा राजमार्गका अतिक्रमित संरचना हटाउन सुरू

❐ **काँक्रेविहार संवाददाता**
जुम्ला, ९ मंसिर

सडक डिभिजन कार्यालय जुम्लाले कर्णाली राजमार्गअन्तर्गत नाम्म-जुम्ला क्षेत्रमा सडक अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउने कार्य सुरु गरेको छ ।

सार्वजनिक सडकको संरक्षण, सुरक्षा, यातायात सञ्चालनमा सहजता तथा सडकको उचित व्यवस्थापन गर्ने उद्देश्यले सार्वजनिक अतिक्रमित संरचना हटाउने कार्य अघि बढाइएको सडक डिभिजन कार्यालयका प्रमुख श्रवणकुमार महताराले जानकारी दिए । त्यस सिलसिलामा स्थानीय तिला गाउँपालिकास्थित कुडारीबजार र त्रिवेणी बजार क्षेत्रका अतिक्रमित सबै संरचना हटाउन थालिएको कार्यालय प्रमुख महताराले बताए । अतिक्रमण घरटहरा तथा निर्माण सामग्री हटाउन र दुर्घटनाको जोखिम न्यूनीकरण गर्न गाउँपालिका र सडक डिभिजनले प्राथमिकताका साथ काम गरिरहेको उनले स्पष्ट पारे ।

अतिक्रमित संरचना हटाउने सन्दर्भमा विगतमा सूचना टाँस्नमै सीमित रहेकामा अहिले भने कार्यान्वयन गर्न स्थानीय सरकार र सडक डिभिजन क्रियाशील भएको प्रमुख महताराले बताए ।

आगामी दिनमा जुम्ला लगायत कालीकोट र मुगु जिल्लाका राजमार्ग क्षेत्रभित्रका अतिक्रमित त्यस्ता संरचना हटाउन सार्वजनिक सूचना जारी गरी आवश्यक प्रक्रिया अघि बढाइने कार्यालयले जनाएको छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/१०

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री बन्दना नेपाली** धनी रहेको, **दर्ता नम्बर** ९९४८/०७९/०८० बाट **बराहताल-८, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री संगम पशुपंक्षी कृषि फर्म** नामको प्राइभेट/साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०८/१०

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सन्दिप बराइली** धनी रहेको, **दर्ता नम्बर** ७०४९/०७७/०७८ बाट **वीरेन्द्रनगर-६, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री चन्दमा चाँदी कारखाना** नामको प्राइभेट/साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

कर्णाली प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय
सुर्खेत

प्रस्ताव आह्वानको सूचना

पहिलो पटक प्रकाशित मिति :- २०८३।०८।१०

यस कार्यालयको चालु आ.व. २०८३।८४ को तपसिलका स्वीकृत वार्षिक कार्यक्रमहरुमा आवेदन दिन ईच्छुक सुर्खेत जिल्लाका कृषि व्यवसायमा संलग्न कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म, कम्पनी, उद्यमीहरुले सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिन भित्र कार्यालयमा निवेदन पेश गर्नुहुनको लागी यो सूचना प्रकाशन गरिएको छ । निवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो लगतै कार्यालय खुलेको पहिलो दिनलाई सूचनाको अन्तिम म्याद सम्झि निवेदन बुझाउन सकिनेछ। कार्यक्रम संचालन सम्बन्धी विस्तृत विवरण (कार्यक्रम संचालन कार्यविधि, अनुदान सिमा, कार्यक्रम संचालन हुने क्षेत्र, आवश्यक न्यूनतम मापदण्ड, निवेदनको साथ पेश गर्नुपर्ने कागजातहरु लगायत) को जानकारी लिन कार्यालयको सूचना पाटी र वेभ साइट dold.karnali.gov.np हेर्न, स्थानीय तह पशु सेवा शाखामा बुझ्न साथै कार्यालयको फोन नं. ०८३-५२३५५६ र ०८३-५२०९३७ मा सम्पर्क गर्न सकिने छ ।

आवेदन दिन सकिने कार्यक्रमहरू:

१. वहुवर्षिय भुई घाँसको प्टल विकास कार्यक्रम
२. पशुपालन (गाई/भैसी) गरेका कृषकलाई साईलेज प्रवर्द्धन कार्यक्रम
३. स्थानिय तहको सहकार्यमा एक स्थानिय तह एक भेटेरिनरी क्लिनिक स्थापनामा सहयोग कार्यक्रम
४. कृत्रिम गर्भाधान वाट जन्मिएका पाडि वाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रम
५. संख्या र क्षेत्रफलको आधारमा प्रोत्साहन सहयोग कार्यक्रम
६. माछा पोखरी निर्माण कार्यक्रम (पञ्चपुरी, लेकवेशी र भेरिगंगा) (१२ रोपनी)
७. माछाको पकेट क्षेत्र स्थापना वीरेन्द्रनगर नगरपालिका
८. वंगुर वधशालामा कोल्ड रुम लगायत पुर्वाधार निर्माण तथा सुदृढिकरण वीरेन्द्रनगर सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००,
Email : ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)